मिति: २०७८/०५/०४/
समय: बिहान ७:३० बजे
स्थान : महाकाल सदन

# कार्यपालिकाको ७२ औं बैठकका निर्णयहरु

**निर्णय नं १ :** दोलखा जिल्ला, साविक लाकुरीडाँडा गाबिस वडा.न.८ को हाल भीमेश्वर नगरपालिका वडा.न. ९ घर भै हाल का.जी.का.म. न.पा. वडा.न.२९ बस्ने पञ्चलालको नाती, राम वहादुर तामाङको छोरा वर्ष ५९ को ज्ञान वहादुर लामा ले उच्च अदालत पाटन ललितपुरमा अदालतको अपहेलना (सम्वत २०७८ सालको ०७८ -FJ-०००८) मुद्धा भीमेश्वर नगरपालिकाका मेयर भरत बहादुर के.सी. र भीमेश्वर नगरपालिका, नगरपालिकाको कार्यालय समेतलाई विपक्षी बनाई उजुरी दिइएकोमा उक्त मुद्धाको सम्बन्धमा लिखित जवाफ पेश गर्ने र नियमित हाजिरीमा रही तारेख लिन नगरपालिकाका प्रमुख भरत बहादुर केसीको तर्फबाट दोलखा जिल्ला, भीमेश्वर नगरपालिका वडा.नं.९ बस्ने जगत वहादुर केसीको छोरा वर्ष ४८ को शान्ति वहादुर केसी (ना.प्र.नं.१४९१/११२१, मिति २०४६/१२/१८, जि.प्र.का.दोलखां) लाई वारिस नियुक्क्त गरी अख्तियारनामा दिने र भीमेश्वर नगरपालिका, नगरपालिकाको कार्यालयको तर्फबाट समेत निज शान्ति बहादुर के.सी.लाई नै अख्तियारनामा दिई पठाउने निर्णय गरियो ।

**निर्णय नं २ :** भीमेश्वर नगरपालिकाको अगुवाइ एवम् दीपज्योति समाज सुधार संस्थाको सहजिकरणमा भीमेश्वर नगरपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गरी तयार पारिएको प्रतिवेदनमा औल्याइएका सुझावहरुमा कानुन अनुसार समावेशिता सहभागिता अभिबृद्धि, लक्षित समूहको योजना तर्जुमा सहभागिता अभिबृद्धि, लैङ्गिक तथा समावेशी बिकासको लागि क्षमता विकास कार्य योजना तयारी र कार्यान्वयन, महिला विकासको लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्दताहरूको सचेतीकरण, कानुनी साक्षरता कार्यक्रम, कानूनको मस्यौदा तर्जुमा सम्वन्धी क्षमता विकास जस्ता कार्यहरुलाई अझ सशक्त रुपमा अगाडि बढाउनु पर्ने सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै भीमेश्वर नगरपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सबै सूचक पुरा गरी अग्रणी नगरपालिकाको रुपमा स्थापित गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** भीमेश्वर नगरपालिकाको यस आ.व.मा सम्पादन हुने आयोजनाहरुको ठेक्का प्रक्रियाबाट हुने सार्वजनिक निर्माण खरिद सम्वन्धी सूचना आव्हान यहि २०७८ साल भाद्र मसान्तभित्र सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं ४** : भीमेश्वर नगरपालिकाको यस आ.व.मा सम्पादन हुने आयोजनाहरुको उपभोक्ता समिति मार्फत गरिने निर्माण खरिद सम्झौता यहि २०७८ साल कार्तिक मसान्तभित्र सम्पन्न गरी कार्य सम्पादन यहि २०७८ साल माघ मसान्तभित्र गरिसक्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ५** : भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तयार पारेको आ.व.२०७८/०७९ को वार्षिक खरिद योजना संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६** : भीमेश्तर नगरपालिका वडा नं २ नेगल क्षेत्रमा नेगल गाउँ घर क्लिनिक निर्माण गर्नका लागि सोहि स्थान निवासी श्री रण बहादुर तामांगको छोरी श्री सानुकान्छी तामांग वर्ष ४६ ले जग्गा दान दिन चाहेकोले दोलखा स्वास्थ्य चौकीको नाममा भी.न.पा.-२ नेगलको कि.नं १४६४, क्षेत्रफल १२३ व.मी. दान स्वीकार गर्ने र जग्गापास सम्वन्धी कार्य गर्न दोलखा स्वास्थ्य चौकीका प्रमुख श्री रामकृष्ण मास्केलाई कार्यालयको तर्फबाट वारेस दिने निर्णय गरियो ।

Scanned with CamScanner